# काठ,दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/०३**

श्री अमिलिया सामुदायिक वन उपभोक्ता समूह, लमही न.पा.-९, अमिलिया, दाङको वनबाट आ.व. २०८१।०८२ मा संकलन भएको साल, असना, जामुन आदि जातको काठदाउरा र आ.व. २०८०।०८१ मा आपुर्ती समितिको लागि छुट्याई फिर्ता भई लमही न.पा.-९ अमिलिया, दाङ घाट्गद्दीमा लट बनाई राखिएको सालको काठ गरी जम्मा काठ १६६४.२१ घ.फि र साल जातको दाउरा ५.७५ चट्टा तथा अन्य जात को मिश्रित दाउरा १६.५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन (२०८२।०३।२४ गते र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट) भित्र उक्त लटको सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्वन्धि बिस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

अध्यक्ष

**श्री अमिलिया सामुदायिक वन उपभोक्ता समूह**

**लमही न.पा.-९, अमिलिया, दाङ**